प्रदेश सरकार
प्रदेश नं. २, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

फोन नं. ०५५-५४०२१०

# डिभिजन वन कार्यालय रौतहट

पत्र संख्याः-
चलानी नं.:-

जिल्ला रौतहट गुजरा न.पा. ४ स्थित पुर्व : जंगलसहिया गाउँ, पश्चिम : लालबकैया खोला, उत्तर : पशुपति टोल र दक्षिण : रानी गुर्जा पुल यत्ति चार किल्ला भित्रको राष्ट्रिय वनक्षेत्रबाट साल जातको रुख काटी ढाली गोलिया बनाई साईकलमा लोड गरी दक्षिण तिर लगिरहेको अबस्थामा पक्राउ गर्न खोज्दा तस्करहरु साईकल र काठ छाडी भागी फरार भएको र सो घटनास्थलबाट साल जातको गोलिया थान ४ को १७.२६ क्यू.फिट काठ बरामद गरिएको ब्यहोराको बरामदी मुचुल्का पाना-१ सहित उक्त काठ र साईकल जंगलसहिया सब डि.व.का.को कम्पाउण्ड भित्र सुरक्षित साथ घाटगद्दी गरी घटना घटाउने तस्करीको खोजी कार्य जारी राखी आवश्यक कार्यवाहीको लागी यो प्रतिवेदन पेश गरिएको ब्यहोरा अनुरोध छ भनी अधिकृत श्री रामदेव चौधरी समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज अधिकृतलाई नै खटाईएको ।

- मिति २०७८/२/१८ गतेका दिन विशेष सूचनाको आधारमा जिल्ला रौतहट चन्द्रपुर न.पा. वडा नं. १० घाघीखोला पुर्व : बाटो, पश्चिम : जयलाल पटेलको घर, उत्तर : जयराम पंडितको घर र दक्षिण : राजकुमार साह तेलीको घर यति चार किल्ला स्थित महेन्द्र साहको छोरा प्रविन साहले संचालन गरेको फर्निचर उद्योगमा निरिक्षण तथा चेकजाँच गर्दा बिना ईजाजत प्रमाणको साल जातको चिरान थान १० को ५.८८ क्यू.फिट काठ फेला परेको हुँदा उक्त काठ बरामद गरी बरामदी मुचुल्का यसै साथ संलग्न राखी आवश्यक कार्यवाहीको लागी यो प्रतिवेदन पेश गरेका छौं भनी स.व.अ. श्री विमल कुमार ठाकुर समेतको प्रतिवेदन प्राप्त हुन आएकोले उक्त घटनाको जाँचबुझ तथा अनुसन्धानको लागी निज स.व.अ लाई नै खटाईएको ।
- मिति २०७८/२/१९ गतेका दिन वनजंगल गस्ती गर्दै जाँदा रामलाल वृन्दावन साझेदारी वनको पुर्व : तोरीवारीको बाटो, पश्चिम : ग्रावेल सडक, उत्तर : वनजंगल र दक्षिण : घरको बाटो यति चार किल्ला भित्र ७७" नापसाईज भएको साल जातको रुख-१ ढलेको र ६९",६१" नापसाईजको साल जातको ठुटा भएको अन्य २ वटा रुख गरी जम्मा ३ वटा रुखलाई आराले गिण्डा बनाई २/३ दिन अगाडी नै टायरगाडामा लोड गरी रामपुर घाटको बाटो भएर बागमती पारी सर्लाही जिल्ला तर्फ लगिएको देखिएको हुँदा सोको जानकारी तथा आवश्यक कारवाहीको लागी साथै उक्त अवधिमा लगातार ४ दिनसम्म पानी परेको कारणले नियमित गस्तीमा प्रभावित हुन गई हानी नोक्सानी हुन गएको र काठ काटी लाने चोर तस्करहरुको पत्ता लगाउने काम जारी राख्नुको साथै अव उप्रान्त यस्ता घटना हुन नदिन नियमित गस्ती जारी राखेको व्यहोरा अनुरोध छ भनी स.व.अ.श्री सोनफी पासवान समेतको प्रतिवेदन प्राप्त हुन आएकोले उक्त घटनाको जाँचबुझ तथा अनुसन्धानको लागी स.व.अ.श्री बैजनाथ मण्डललाई खटाईएको ।
- मिति २०७८/२/१९ गते बिहान ११:०० बजेको समयमा विशेष सूचनाको आधारमा यस कार्यालयबाट खटिगएको कर्मचारीहरुले टुरगस्ती गर्दै जाँदा पुर्व : धनपुर खोला, पश्चिम : राष्ट्रिय वन , उत्तर : महादेव डाँडाँ, दक्षिण : दोभान यति चार किल्ला भित्रको राष्ट्रिय वन क्षेत्र भित्र काठ तस्करहरुले कर्मचरीहरुको आँखाछली रातविरात पानी परेको समयमा तथा कोरोना भाइरसको महामारीको मौकाछोपी ११८", ७०", १३०" , ७७" र १५५" नापसाईज भएको